उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं ०४६-६९१९२९

पत्र सख्या:-०७७/०७८
चलानी नं:-११५२

मिति:-२०७७/१२/२६

**५० प्रतिसत लागत सहभागितामा कार्यक्रमको प्रस्ताव माग सम्बन्धि सूचना !**

आ.व.२०७७/०७८ को सशर्त अनुदान अन्तर्गत वित्तिय हस्तान्तरण मार्फत स्थानीय तहबाट संचालन गरिने नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्यक्रमा यस उमाकुण्ड गाउँपालिकाको मिति २०७७/१२/२५ गते बसेको बैठकको निर्णय अनुसार यस कार्यक्रममा सहभागी हुनको लागी कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्म/दर्ता भएका फलफूल नर्सरीहरुले यो सूचना प्रकाशित भएको मितिले २०७७/१२/२६ देखि .२०७८/०१/९ भित्र उमाकुण्ड गाउँपालिका कृषि विकास शाखामा तपशिलमा उल्लेखित कागजात तथा प्रस्ताव सहितको विवरण संलग्न गरि निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिको छ ।

तपशिल

१. संचालन गरिने कार्यक्रमको प्रस्तावना र खर्चको ईस्टिमेट /डिजाईन, प्रस्ताव सहितको निवेदन माग फारम ।

२.कृषक / कृषक समुह/कृषि फर्म/कृीष सहकारीको दर्ता प्रमाणपत्र, नविकरण, कर चुक्ता, प्यान दर्ता प्रमाणपत्र, संस्थाको योजना माग सम्बन्धमा गरिएको निर्णयको प्रतिलिपि ,नागरिकताको प्रतिलपि, लालपुर्जाको प्रतिलिपि ।

३ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

४. कृषि विषय अध्ययन गरी नर्सरी स्थापना गर्न चाहने र नर्सरीमा बिरुवा उत्पादन सम्बन्धि तालिम लिएको व्यक्तिलाई प्राथमिकता दिईने छ

५. बर्षैभरी पानीको उपलब्धता सुनिश्चित भएको,विजुली तथा संचार सुविधा भएको हुनु पर्नेछ ।

६. बहुउद्देश्यीय नर्सरी स्थापनाका लागि मुख्य उत्पादन फलफूलका विरुवा र अन्य उत्पादनमा तरकारी, आलंकारीक बिरुवा समेत समावेश गर्न सकिने छ ,र स्थापित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रममा दर्ता भएको फलफूल नर्सरीलाई मात्र कार्यक्रममा समावेस गर्न सकिने छ।

७. सम्बन्धित बालीको बिरुवा उत्पादनको लागि भौगोलिक तथा हावापानीको दृष्टिकोणबाट उपयुक्त स्थानमा नर्सरी स्थापना हुनु पर्नेछ । सुन्तलाजात फलफूल नर्सरीको हकमा समुद्री सतहबाट १२०० मी भन्दा माथि मात्र नर्सरी स्थापना गर्नु पर्नेछ ।

८. आवश्यक्ता अनुसारको बिरुवा उत्पादन गर्न सक्ने तथा अन्य सुविधाहरु समायोजन गर्न सकिने क्षेत्रफल हुनु पर्नेछ । जालिघरमा भए विरुवा उत्पादनको लागि कम्तीमा २ रोपनि र खुला जग्गामा भए ५ रोपनीमा नर्सरी हुनु पर्नेछ । साथै वार्षिक रुपमा कम्तिमा १०००० तथा १५००० गुणस्तरीय फलफूल विरुवा उत्वादन क्षमता भएको हुनुपर्नेछ ।

९. जग्गा भाडामा लिई नर्सरी स्थापना गर्न चाहेमा वा गरेको भएमा कम्तिमा पनि १० वर्षको लागि करार सम्फौता गरेको हुनु पर्नेछ ।

१०. नर्सरी भएको स्थानमा कुशल श्रमिकहरु सजिलै उपलब्ध हुन सकिने वा तालिम दिएर सीप सिकाउन सकिने जनशक्तिको उपलब्धता, यातायात र मुख्य सडकसँग पहुँच भएको स्थानलाई प्राथमिकता दिईने छ ।

११. वार्षिक बिरुवा उत्पादन कार्ययोजना तयार गरी कार्यान्वयन गरेको हुनु पर्नेछ ।

१२.कृषक / कृषक समुह/कृषि फर्म/कृीष सहकारीको ५० प्रतिसत र गाउँपालिकाको ५० प्रतिसत लागत सहभागीतामा रु ४ लाख बराबरको कार्यक्रम संचालन हुनेछ ।

थप जानकारीको लागी सम्पर्क नं ९८४३२४३३६५ ।

बोधार्थ,

श्री सूचना प्रविधि शाखा , उमाकुण्ड गा.पा. ( यस गा.पा.को सबै वडा कार्यालयमा सूचना मेल गरिदिनु हुन अनुरोध छ ।

श्री ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

*"स्वच्छ र सक्षम निजामति प्रशासन, समृद्धि र सुशासन"*

Email:-ito.umakundamun@gmail.com, web:-www.umakundamun.gov.np,